राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ४००/२०७२/०७३

निर्णय नं. ६२८

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................ २ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ्ग ........................................................ १ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ्ग ........................................................ १

**विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।**

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ्ग समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।२७ को आदेश बमोजिम जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ्गलाई मिति २०७२।०६।२८ च.नं २८२ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सम्बन्धमा उक्त जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ्गले मिति २०७२।०७।१८, च.नं. ६७२, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई समेत बोधार्थ उपलब्ध गराईएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।